बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०३।०५

**विषय : हलुका सवारी चालक करारमा सेवा लिने सम्बन्धी सूचना ।**

बलेफी गाउँकार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोकको चारपांग्रे सवारी साधन चलाउने प्रयोजनको लागि हलुका सवारी चालकको रुपमा कामकाज गर्न देहायको संख्या र योग्यता भएको हलुका सवारी चालक करारमा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता भएका तथा इच्छुक नेपाली नागरिकहरुले आवश्यक कागज सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन मिति २०७९।०३।१९ गते भित्र कार्यालयमा राजस्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क सं | पदको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | हलुका सवारी चालक | २ (दुई) | |

१. योग्यता तथा अनुभव :

क. नेपाली नागरिक (बलेफी गाउँपालिकाको स्थानीय बासिन्दालाई प्राथमिकता) ।

ख. हलुका सवारी चालक अनुमति प्राप्त गरेको, अनुभवीलाई प्राथमिकता दिइनेछ ।

ग. उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ५८ वर्ष ननाघेको हुनु पर्ने ।

घ. सवारी चालक सम्बन्धी काममा लापरवाही गरी कुनै कारबाहीमा नपरेको ।

ङ. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

२. परीक्षा केन्द्र : बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।

३. परीक्षा दस्तुर : रु. ५००।- (अक्षरुपी रु. पाँच सय मात्र)

४. दरखास्त दिने स्थान : बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।

५. दरखास्तमा संलग्न गर्नुपर्ने : क. नेपाली नागरिकताको प्रतिलिपि (बलेफी गाउँपालिकाको स्थानीय बासिन्दालाई प्राथमिकता) ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि घ. प्रचलित नेपाल कानून बमोजिम सवारी नियम उल्लंघन गरी कुनै कारवाहीमा नपरेको स्वयम् घोषणा पत्र ङ. आवश्यक कार्य अनुभवको प्रमाणित प्रतिलिपि च. हलुका सवारी अनुमति पत्रको प्रतिलिपि

६. दरखास्त दिने अन्तिम मिति : २०७९।०३।१९ गते दिनको ठिक ५:०० बजे सम्म ।

७. परीक्षाको किसिम : बलेफी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि अनुसार प्रयोगात्मक तथा अन्तरवार्ता कार्यक्रम ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत